नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- मं.बै./३२१/ 4623
च.नं.: -

मितिः २०७८/२/३१

श्री सचिव,
कृषि तथा पशुपन्छी विकास मन्त्रालय।

बीउ बिजन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७७ स्वीकृत गर्ने विषय म.प.बै.सं. १९/०७८ मिति २०७८/२/३१ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"बीउ बिजन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७७ स्वीकृत गर्ने विषयको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको दर्ता नं. ६/२२-०७७/११/५ को प्रस्ताव म.प.बै.सं. ६८/०७७ मिति २०७७/११/११ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७८/१/२६ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन भएबमोजिमको "बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८" स्वीकृत गर्ने ।"

(शंकरदास बैरागी)
मुख्यसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ४२/०७८
च.नं. : म.स.सं./३२२/५३४६

मितिः २०७८।१।२६

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

मिति २०७८।१।२६ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु ।

"बीउ बिजन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७७ स्वीकृत गर्ने विषयको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको दर्ता नं. ६/२२-०७७।११।५ को प्रस्ताव मं.प.बै.सं. ६८/०७७ मिति २०७७।११।११ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश भई छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरू समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८" स्वीकृतिका लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने ।"

(बैकुण्ठ अर्याल)
सचिव

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८

**प्रस्तावना:** संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति एवम् वितरण प्रणालीलाई सुदृढ बनाउन र बीउ उत्पादक, वितरक तथा प्रयोगकर्ता कृषकलाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्वार प्रणाली मार्फत् व्यवस्थापन गर्न आवश्यक भएकोले,

बीउ बिजन नियमावली, २०६९ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले नेपाल सरकारको स्वीकृति लिई देहायको निर्देशिका बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुदानग्राही" भन्नाले यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्ने बीउ उत्पादन, बजारीकरण र उपयोगमा संलग्न कृषक, कृषक समूह, बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था, सामुदायिक बीउ बैंक, कम्पनी, निजी उद्यमी समेत सम्झनुपर्दछ।

(ख) "उत्पादक" भन्नाले प्रचलित ऐन, नियम तथा कानूनका अधीनमा रही विभिन्न बालीका प्रजनन्, मूल, प्रमाणित तथा उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह, सहकारी संस्था, सामुदायिक बीउ बैंक, निजी फर्म वा कम्पनी समेत सम्झनु पर्दछ।

(ग) "उन्नत बीउ" भन्नाले प्रचलित बीउ बिजन ऐन तथा नियमावली अनुसार मूल वा प्रमाणित बीउबाट उत्पादन गरी यथार्थ संकेत पत्र लगाइएको बीउ सम्झनु पर्दछ। यसले बालीका बर्णशंकर जातहरुलाई समेत जनाउँछ।

(घ) "कार्यक्रम" भन्नाले यस निर्देशिकाको परिच्छेद २, ३ र ४ मा उल्लेख भएका कार्यक्रम सम्झनु पर्दछ।

(ङ) "केन्द्र" भन्नाले मन्त्रालय अन्तर्गतको बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनु पर्दछ।

(च) "जिल्ला स्थित कार्यालय" भन्नाले प्रादेशिक मन्त्रालय अन्तर्गत जिल्लास्थित कृषि हेर्ने कार्यालयलाई सम्झनु पर्दछ।

(छ) "डेसिस (DESES)" भन्नाले यस निर्देशिकाको दफा ६ को उपदफा (१) बमोजिमको विद्युतीय बीउ बिजन व्यवस्थापन प्रणाली (डिजिटली इनेबल्ड सीड म्यानेजमेन्ट सिस्टम) सम्झनु पर्दछ।

(ज) "निर्देशनालय" भन्नाले प्रादेशिक मन्त्रालय मातहतको कृषि विषय हेर्ने निर्देशनालय सम्झनु पर्दछ।

(झ) "प्रमाणीकरण निकाय" भन्नाले बीउ बिजन ऐन, २०४५ को दफा ८ तथा बीउ बिजन नियमावली,२०६९ को नियम १५ मा उल्लेखित कार्यहरु गर्न अधिकार प्राप्त बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र र प्रमाणीकरण गर्ने अधिकारप्राप्त बीउ बिजन परीक्षण प्रयोगशालाहरु सम्झनु पर्दछ।

(ञ) "प्रादेशिक मन्त्रालय" भन्नाले प्रदेश सरकार मातहतको कृषि विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(ट) "प्रोत्साहन अनुदान" भन्नाले स्रोत बीउ उत्पादक, उन्नत बीउ उत्पादक, वितरक र प्रयोगकर्ता कृषकलाई यस निर्देशिका बमोजिम प्रदान गरिने नगद सहुलियत सम्झनु पर्दछ।

(ठ) "बर्णशंकर बीउ" भन्नाले दुई भिन्न पैत्रिक लाइन (इन्ब्रेड लाइन) को समागमबाट उत्पादन गरिएको पहिलो पुस्ताको बीउ सम्झनुपर्दछ। यस शब्दले सिंगल क्रस वा डबल क्रस वा टप क्रस समेत बुझाउँछ। यस निर्देशिकाको प्रयोजनको लागि वर्णशंकर बीउ भन्नाले नेपालमै विकास भएको बालीका जातलाई मात्र मानिनेछ।

(ड) "बितरक" भन्नाले यस निर्देशिका अन्तर्गत उन्नत बीउ बिक्री वितरणका लागि स्थानीय तहले छनौट गरेको प्रचलित बीउ बिजन ऐन तथा नियमावली अनुसार इजाजत प्राप्त बीउ बिजन बिक्रेता सम्झनु पर्दछ।

(ढ) "बीउ बिजन" भन्नाले यस निर्देशिका बमोजिमको स्रोत बीउ, उन्नत बीउ र वर्णशंकर बीउ सम्झनु पर्दछ।

(ण) "विभाग" भन्नाले कृषि विभागलाई सम्झनु पर्दछ।

(त) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्दछ।

(थ) "समिति" भन्नाले यस निर्देशिकाको दफा ११ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ।

(द) "स्रोत बीउ" भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि प्रमाणीकरण पद्धतिद्वारा प्रमाणित गरिएको मूल र प्रमाणित बीउ सम्झनुपर्दछ। साथै सो शब्दले प्रजनन् बीउ र वर्णशंकर जातका पैत्रिक लाइन समेतलाई जनाउँछ।

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) स्रोत बीउ र उन्नत बीउको माग, उत्पादन र आपूर्तिको वासलात तयार गरी समग्र बीउ उत्पादन चक्रको व्यवस्थापन मार्फत् स्वदेशमै उत्पादित बीउ बिजनको प्रवर्द्धन गर्ने,

(ख) बीउ उत्पादक, वितरक तथा प्रयोगकर्ता कृषकलाई तीनै तहका सरकारले प्रदान गर्ने प्रोत्साहन अनुदानलाई सहज, पारदर्शी र एकद्वार प्रणाली मार्फत् व्यवस्थित बनाउने,

(ग) गुणस्तरीय बीउ बिजनमा कृषकको पहुँच बृद्धि गरी बीउ बिजन आपूर्ति प्रणालीलाई सुदृढ गर्ने।

४. **प्रोत्साहन अनुदानः** दफा ३ बमोजिमका उद्देश्यहरु प्राप्तिका लागि निम्नानुसारका कार्यहरुमा प्रोत्साहन अनुदान उपलब्ध गराइने छः

(क) स्रोत बीउ उत्पादनमा (उत्पादनमा आधारित)

(ख) उन्नत बीउ उत्पादनमा (उत्पादनमा आधारित)

(ग) उन्नत बीउको प्रयोगमा कृषकलाई मूल्यमा अनुदान

५. **निर्देशिकाको कार्यक्षेत्रः** यस निर्देशिकामा उल्लेख भएबमोजिमका कार्यक्रमहरु तीनवटै तहका सरकारहरुको समन्वय तथा सहकार्यमा नेपालभर सञ्चालन हुनेछ। गुणस्तरीय बीउ बिजन उत्पादन, प्रशोधन, बजारीकरण र उपयोगमा सहभागी हुन चाहने सबै कृषक, कृषक समूह, बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था, सामुदायिक बीउ बैंक, कम्पनी तथा निजी उद्यमीहरु यस निर्देशिका बमोजिमको कार्यक्रममा सहभागी हुन सक्नेछन्।

६. **डेसिस (DESES) निर्माण तथा सञ्चालनः** (१) बीउ बिजनको उत्पादन, आपूर्ति तथा वितरण एवम् सोको लागि उपलब्ध गराइने स्रोत बीउ र उन्नत बीउको वासलात र अनुदान वितरणलाई व्यवस्थित गर्न एक विद्युतीय बीउ बिजन व्यवस्थापन प्रणाली (डेसिस-DESES) को निर्माण गरी सञ्चालन गरिने छ।

(२) डेसिसको कार्यान्वयन केन्द्र, विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, प्रादेशिक मन्त्रालय एवम् सो अन्तर्गतका जिल्लास्थित कार्यालयहरु र स्थानीय तहबाट हुनेछ।

(३) डेसिसको समग्र रेखदेख तथा विद्युतीय अनुगमन एवम् सुपरिवेक्षण मन्त्रालयबाट हुनेछ।

(४) यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्न चाहने बीउ बिजन उत्पादक, वितरक तथा प्रयोगकर्ता कृषकले अनिवार्यरुपमा डेसिसमा दर्ता हुनु पर्नेछ।

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(५) अनुदान प्रयोजनका लागि सूचना आव्हान, बीउ बिजन वितरण, अनुदान सम्बन्धी विविध जानकारीहरु मन्त्रालय, विभाग, प्रादेशिक मन्त्रालय, निर्देशनालय, जिल्लास्थित कार्यालय र स्थानीय तहले डेसिस मार्फत् प्राप्त गर्न सक्नेछन्।

(६) डेसिस सञ्चालन एवम् प्रयोगलाई व्यवस्थित गर्न केन्द्रले यस सम्बन्धी सञ्चालन विधि (म्यानुअल) बनाउन सक्नेछ। यस्तो विधि समितिबाट स्वीकृत भएपछि लागू हुनेछ।

७. **<u>दोहोरोपना नहुने:</u>** यस निर्देशिका बमोजिम अनुदानग्राहीले एकपटकमा एउटै प्रकृतिको कामको लागि कुनै एक ठाउँबाट मात्र अनुदान प्राप्त गर्न सक्नेछ। यसरी अनुदान प्राप्त गर्ने अनुदानग्राहीको विवरणसहितको व्यवस्थित अभिलेख डेसिसमा अनिवार्यरुपमा राख्नुपर्नेछ।

## परिच्छेद-२

## स्रोत बीउ उत्पादनमा अनुदान कार्यक्रम

८. **<u>स्रोत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान व्यवस्था:</u>** (१) आफ्नै साधन स्रोतको प्रयोग गरी स्रोत बीउ उत्पादन गर्न इजाजत प्राप्त अनुदानग्राहीलाई स्रोत बीउ उत्पादन परिमाणको आधारमा प्रोत्साहन अनुदान उपलव्ध गराइनेछ।

(२) उपदफा (१) अनुसार अनुदान उपलब्ध गराउन आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था मन्त्रालयले गर्नेछ।

(३) स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ:

(क) स्रोत बीउमा प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यको लागि बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले निश्चित समयसीमा तोकी सार्वजनिक सूचना आव्हान गर्नेछ।

(ख) स्रोत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्न योग्य इच्छुक अनुमति प्राप्त स्रोत बीउ उत्पादकहरुले अनुसूची-१ बमोजिमका आवश्यक कागजात सहित बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले तोकेको समयभित्र डेसिस मार्फत आवेदन गर्नुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिम डेसिस मार्फत् आवेदन पेश गर्ने आवेदकहरु मध्ये मापदण्ड पुगेका आवेदकहरुमात्र प्रोत्साहन अनुदानका लागि योग्य हुनेछन्।

(घ) बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले तोकेको समयभित्र खण्ड (ग) बमोजिमको आवेदकले अनुसूची-२ अनुसारको विवरण डेसिसमा प्रविष्ट गर्नु पर्नेछ।



नेपाल सरकार
मन्त्रीपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ङ) आवेदकबाट खण्ड (घ) बमोजिमको पेश भएको विवरणहरु बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले प्रमाणीकरण निकायबाट प्राप्त विवरणसँग भिडाई प्रोत्साहन अनुदानको प्रक्रियमा लैजानेछ।

(च) स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराइने बाली, जात र प्रोत्साहन अनुदान रकम समितिले निर्धारण गर्नेछ।

(छ) स्रोत बीउमा प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यका लागि उत्पादित स्रोत बीउको परिमाण यकिन गर्दा केन्द्रले निर्धारण गरेको बीउ बृद्धि अनुपात (सीड मल्टिप्लिकेसन रेसियो), ट्यागको विवरण तथा खरिद गरिएको प्रजनन् वा मूल बीउको स्रोत एवम् परिमाणलाई प्रमुख आधारको रुपमा लिइनेछ।

(ज) खण्ड (ङ) अनुसार उत्पादित एवम् प्रमाणीकरण गरिएको स्रोत बीउको परिमाण सम्बन्धमा थप यकिन गर्न आवश्यक देखिएमा प्रमाणीकरण निकायसँग समन्वय गरी प्राविधिक परीक्षण (टेक्निकल अडिट) समेत गर्न सक्नेछ।

(झ) उपदफा (१) बमोजिम प्रोत्साहन अनुदान उपलब्ध गराउँदा बिक्री भएको बीउको परिमाणमा उपलब्ध गराइनेछ।

(ञ) समितिले निर्धारण गर्ने प्रति के.जी. प्रोत्साहन अनुदान रकम अघिल्लो आर्थिक वर्षमा नेपाल कृषि अनुसन्धान परिषद्बाट तय गरिएको मूल्य लगायत अन्य बजार मूल्यका आधारमा निर्धारण गरिएको स्रोत बीउको औसत मूल्यको अधिकतम ३० प्रतिशत भन्दा बढी हुने छैन।

(ट) प्रोत्साहन अनुदान बापत दिइने अनुदान रकम खण्ड (ङ), (छ) र (ज) को विवरणका आधारमा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट आवेदकको बैंक खातामा जम्मा गरिनेछ।

(ठ) यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्ने स्रोत बीउ उत्पादकले केन्द्रबाट तयार गरिएको वासलात अनुसार स्रोत बीउ उपलब्ध गराउनु पर्नेछ।

(ड) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएका भएता पनि स्रोत बीउ उत्पादनको अनुमति वा इजाजत पत्र लिएका स्रोत बीउ उत्पादकले यस निर्देशिकाको परिच्छेद ३ बमोजिमको कार्यक्रममा सहभागी हुन पाउने छैनन्।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

## परिच्छेद-३

## उन्नत बीउ उत्पादनमा अनुदान कार्यक्रम

९. **उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान व्यवस्थाः** (१) उन्नत बीउको उत्पादन तथा आपूर्ति सुनिश्चित गर्नका लागि प्रादेशिक मन्त्रालय मातहतका जिल्लास्थित कार्यालयहरुबाट उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।

(२) उन्नत बीउ उत्पादनमा उपलब्ध गराइने बाली, जात र उक्त बाली र जात अनुसारको प्रति के.जी. औसत मूल्य र प्रोत्साहन अनुदान रकम प्रादेशिक मन्त्रालयले समितिमा सिफारिश गर्नेछ। सो सिफारिश समेतको आधारमा निर्धारित औसत मूल्यको अधिकतम ५० प्रतिशतमा नबढ्ने गरी समितिले प्रति के.जी. प्रोत्साहन अनुदान रकम तोक्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रोत्साहन अनुदान प्रदान गर्ने कार्यक्रमको लागि प्रादेशिक मन्त्रालयलाई सङ्घीय सशर्त अनुदान उपलब्ध गराइनेछ।

(४) उपदफा (१) बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्न बीउ उत्पादकले डेसिस मार्फत् आवेदन दिनु पर्नेछ।

(५) उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) उपदफा (१) बमोजिम प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुको लागि आवेदन पेश गर्न मन्त्रालय, प्रादेशिक मन्त्रालय, विभाग र स्थानीयतहसँग समन्वय गरी केन्द्रले सार्वजनिक सूचना प्रकाशन गर्नेछ। दफा १० को उपदफा (५) को खण्ड (क) को प्रयोजनको लागि समेत यही सूचना मार्फत् आवेदन माग हुनेछ। सूचना प्रादेशिक मन्त्रालय, जिल्ला स्थित कार्यालय र स्थानीय तहले समेत प्रचार प्रसार गरी सार्वजनिक रुपमा जानकारी गराउने छन्।

(ख) खण्ड (क) बमोजिम डेसिस मार्फत् आवेदन पेश गर्ने आवेदकहरु मध्ये अनुसूची-३ अनुरुपको मापदण्ड पुगेका आवेदकहरुलाई मात्र केन्द्रले प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रियामा लैजानेछ। यस सम्बन्धमा केन्द्रले जिल्लास्थित कार्यालयसँग आवश्यक समन्वय गर्नेछ।

(ग) खण्ड (ख) बमोजिमका योग्य आवदेकहरुले यथार्थ संकेतपत्र पद्धति अनुसार उन्नत बीउमा ट्याग लगाए पश्चात् सो बीउ परिमाण उपदफा (२) अनुसारको मूल्यमा उपलब्ध गराउने गरी डेसिसमा प्रविष्ट गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिम आवश्यक विवरण प्रविष्ट भए पश्चात् यस परिच्छेद अनुसारको कार्यक्रमबाट बिक्री हुने उन्नत बीउको परिमाणको जानकारी

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

माग र आपूर्ति विवरण प्रविष्ट गर्ने समयावधि सकिएपछि सम्बन्धित आवेदकलाई केन्द्रले जिल्लास्थित कार्यालय मार्फत् यथासक्य छिटो उपलब्ध गराउनेछ।

(ङ) आवेदकलाई डेसिसमा प्रविष्ट गरी बिक्री भएको बीउको परिमाणको हकमा मात्र प्रोत्साहन अनुदान जिल्लास्थित कार्यालय मार्फत उपलब्ध हुनेछ। डेसिसमा प्रविष्ट भएको तर बिक्री हुन नसकेको बीउको बिक्री व्यवस्थापन आवेदक स्वयम्ले गर्नु पर्नेछ।

(च) उन्नत बीउमा प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यका लागि उत्पादित उन्नत बीउको परिमाण यकिन गर्दा जिल्लास्थित कार्यालयले केन्द्रले निर्धारण गरेको बीउ बृद्धि अनुपात (सीड मल्टिप्लिकेसन रेसियो), ट्यागको विवरण तथा स्रोत बीउ खरिद परिमाणलाई प्रमुख आधारको रुपमा लिनेछ।

(छ) स्रोत बीउ खरिदको विवरण र बीउ विश्लेषण प्रतिवेदन सहितको उन्नत बीउ बिक्री भएको अनुसूची-४ बमोजिमको कागजात आवेदकबाट प्राप्त भए पछि जिल्लास्थित कार्यालयबाट आवेदकको बैंक खातामा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

(६) उन्नत बीउ उत्पादकले आफूलाई आवश्यक पर्ने स्रोत बीउ डेसिस मार्फत् केन्द्रको सहयोगमा माग गर्न सक्नेछन्। स्रोत बीउ माग गर्ने उत्पादकले केन्द्रले तयार गरेको वासलात बमोजिम स्रोत बीउ प्राप्त गर्न सक्नेछ।

(७) स्रोत बीउ माग गर्ने उन्नत बीउ उत्पादक र स्रोत बीउ आपूर्तिका लागि तोकिएका स्रोत केन्द्र बीचको समन्वय एवम् आवश्यक सहजीकरण केन्द्र, प्रादेशिक मन्त्रालय र जिल्लास्थित कार्यालयबाट हुनेछ।

(८) डेसिसमा माग प्रविष्ट गरी माग गरे बमोजिमको स्रोत बीउ खरिद नगर्ने आवेदकहरुलाई त्यस पश्चात् यस निर्देशिका बमोजिमका अनुदान कार्यक्रममा सहभागिताका लागि सिफारिश गरिने छैन।

(९) बीउ उत्पादनमा लागत न्यूनीकरण तथा गुणस्तर कायम गर्न यस निर्देशिका अनुसार प्रोत्साहन अनुदान प्राप्त गर्ने बीउ उत्पादकलाई क्षमता अभिवृद्धि, प्रविधि प्रसार, प्रशोधन तथा अनुसूची-५ मा उल्लिखित पूर्वाधार वा मेशिनरी औजारमा सहयोग लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ। यसरी सञ्चालन हुने कार्यक्रम अन्तर्गत उपलब्ध गराइने पूर्वाधार वा मेशिनरी औजारहरुमा लागत अनुमानको ५० प्रतिशतमा नबढ्ने गरी जिल्लास्थित कार्यालयले अनुदान उपलब्ध गराउन सक्नेछ।

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(१०) यस दफा अनुसार सञ्चालन हुने अनुदान कार्यक्रमको प्रदेशस्तरमा समन्वय तथा सहजीकरण गर्न सम्बन्धित प्रादेशिक मन्त्रालयले उपसचिवस्तरको सम्बन्धित प्राविधिक कर्मचारीलाई सम्पर्क अधिकृतको रुपमा तोक्न सक्नेछ।

## परिच्छेद-४

## उन्नत बीउ बिजनको प्रयोगमा अनुदान कार्यक्रम

१०. **उन्नत बीउ बिजन प्रयोगमा प्रोत्साहन अनुदान व्यवस्था:** (१) उन्नत जातका बीउ बिजनको प्रयोगलाई बढावा दिन उन्नत बीउ प्रयोगकर्ता कृषकलाई समितिबाट तोकिएका बाली र जात अनुसारको बीउ बिजनको उपदफा (५) को खण्ड (छ), (ज) र (झ) अनुसारको मूल्यमा अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्ने कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहलाई सङ्घीय सशर्त अनुदान उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम कृषकहरुलाई सम्बन्धित स्थानीय तह आफैले वा स्थानीय तहले तोकेको वितरक मार्फत् उन्नत बीउ उपलब्ध गराउन सक्नेछ। स्थानीय तहले वितरक तोक्दा माग, आपूर्ति र भौगोलिक सन्तुलन कायम हुने गरी तोक्नु पर्नेछ। वितरक मार्फत् बीउ आपूर्ति गर्ने अवस्थामा सम्बन्धित स्थानीय तहको सिफारिशमा वितरक स्वयम्ले तोकिएको उन्नत बीउ आपूर्तिको स्रोत केन्द्रबाट खरिद गरी ल्याउनु पर्नेछ।

(४) स्थानीय तहले उपदफा (३) अनुसार बीउ बिजन वितरक तोक्दा प्रचलित कानून बमोजिम योग्य भएका, दफा ६ बमोजिमको डेसिसमा आवद्ध हुने बीउ बिजनको कारोबार गर्न अनुमतिपत्र प्राप्त व्यवसायीहरु वा कृषक समूह वा सहकारी संस्था वा सामुदायिक बीउ बैंक वा फर्म वा कम्पनी मध्येबाट छनौट गर्नु पर्नेछ। त्यस्ता बीउ बिजन वितरकको छनौट कार्यका लागि स्थानीय तहले आवश्यक मापदण्ड बनाउन सक्नेछ। उक्त मापदण्ड बनाउँदा समुदायमा आधारित बीउ उत्पादन कार्यमा संलग्न कृषक समूह, बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था, सामुदायिक बीउ बैंक जस्ता संस्थालाई प्राथमिकता दिनु पर्नेछ।

(५) उन्नत बीउ बिजनको प्रयोगमा प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रकृया देहाय बमोजिम हुनेछ:-

(क) कृषकलाई गुणस्तरीय उन्नत बीउ उपलब्ध गराउने कार्यको लागि भौगोलिक अवस्था अनुसार बीउको माग गर्ने र आपूर्ति हुने समय तथा डेसिसमा विवरण प्रविष्ट गर्नु पर्ने समय समेत उल्लेख गरी केन्द्रले मन्त्रालय, विभाग, प्रादेशिक मन्त्रालय र स्थानीय तहसँग समन्वय गरी

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

सूचना प्रकाशन गर्नेछ। सो सूचना स्थानीय तहले प्रचार प्रसार गरी स्थानीयस्तरमा सार्वजनिक रुपमा जानकारी गराउनेछ।

(ख) उन्नत बीउको प्रयोग गर्ने कृषकले व्यक्तिगत वा सामूहिक रुपमा आफै वा सम्बन्धित स्थानीय तह मार्फत् डेसिसमा आवेदन दिई बीउको माग गर्न सक्नेछन्। माग गरिएको विवरणका आधारमा स्थानीय तहले आफ्नो क्षेत्रको लागि अन्तिम माग परिमाण डेसिसमा प्रविष्ट गरी आवेदन गर्नुपर्नेछ।

(ग) डेसिसमा माग प्रविष्ट भए पश्चात् विभागसँग समन्वय गरी केन्द्रले उपलब्ध भएको बाली, जात र परिमाणको आधारमा सम्बन्धित स्थानीय तहलाई उन्नत बीउ आपूर्ति गर्ने स्रोत केन्द्र र प्राप्त हुने बीउको परिमाणको कोटा तोक्नेछ।

(घ) स्थानीय तहको माग बमोजिमको परिमाणमा उन्नत बीउ उपलब्ध गराउन बीउको परिमाण नपुग भएमा केन्द्रले विभागसँगको समन्वयमा मापदण्ड बनाई कोटा निर्धारण गर्न सक्नेछ।

(ङ) कोटामा प्राप्त बीउ सबै कृषकको माग पूरा गर्न अपर्याप्त हुने भएमा स्थानीय तहले बीउ वितरणको मापदण्ड बनाई वितरण सक्नेछ। उन्नत बीउ वितरण सम्बन्धी आवश्यक अन्य प्रक्रिया सम्बन्धित स्थानीय तहले नै स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछ।

(च) बीउ बिजन बाँडफाँट सम्बन्धी जानकारी निर्देशनालय, जिल्लास्थित कार्यालय र स्थानीय तहलाई डेसिस मार्फत् प्राप्त हुनेछ।

(छ) स्थानीय तह स्वयमले बीउ बिजन वितरण गर्ने भएमा तोकिएका उन्नत बीउ आपूर्ति गर्ने स्रोत केन्द्र वा आपूर्तिकर्ताबाट तोकिएको स्थानसम्मको बीउ ढुवानी गराई कृषकहरुलाई प्रादेशिक मन्त्रालयको सिफारिशमा समितिले निर्धारण गरेको मूल्यमा वा सो मूल्यमा जिल्ला दररेट अनुसारको ढुवानी भाडा समेत जोडी कायम हुने मूल्यमा उपलब्ध गराउन सक्नेछ।

(ज) वितरक मार्फत् कृषकहरुलाई बीउ बिक्री वितरण गर्दा समितिले कायम गरेको मूल्यमा सम्बन्धित स्थानीय तहको निर्णय अनुसार अधिकतम् १५ प्रतिशतसम्म ब्यवस्थापन खर्च र जिल्ला दररेट अनुसार निर्धारण गरिएको ढुवानी खर्च समेत जोडी अनुदानको लागि मूल्य कायम गर्नु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(झ) बीउ वितरण गर्ने क्रममा ढुवानी गर्दा लाग्ने खर्च वा व्यवस्थापन खर्च वा दुवैमा स्थानीय तहले आफ्नै स्रोतबाट सम्बन्धित वितरकलाई अनुदान दिन सक्नेछ। यसरी अनुदान दिंदा खण्ड (ज) बमोजिम कायम भएको मूल्यबाट अनुदान बराबरको रकम घटाई मूल्य कायम गर्नु पर्नेछ।

(ञ) वितरकले कृषकको नाम, ठेगाना, बीउ बुझेको भर्पाई, सम्पर्क नम्वर र खरिद गरेको बीउको परिमाण खुल्ने आवश्यक कागजात स्थानीय तहमा अनिवार्य पेश गर्नु पर्नेछ। सो अनुसारको अनुदानग्राहीको विवरण स्थानीय तहले डेसिसमा प्रविष्ट गर्नु पर्नेछ।

(ट) तोकिएको समयभित्र बीउ बिजन खरिद गरी नलैजाने कृषकलाई बीउ बिजन उपलब्ध गराउन बाध्य हुने छैन।

(ठ) कृषकलाई उन्नत बीउ प्रयोग गरे वापत् दफा १० को उपदफा (१) बमोजिम दिइने अनुदान खण्ड (छ), (ज) वा (झ) अनुसार कायम हुने मुल्यमा ५०% अनुदान दिइनेछ। यसरी अनुदान दिंदा सम्भव भएसम्म सम्बन्धित अनुदानग्राहीको बैंक खातामा अनुदान वापत्को रकम भुक्तानी गर्नु पर्नेछ।

(ड) खण्ड (ठ) अनुसारका अनुदानग्राहीलाई उपलब्ध गराइएको बीउको परिमाण तथा प्राप्त गरेको अनुदानको विवरण समेत खुलाई स्थानीय तहले सार्वजनिक सूचना मार्फत जानकारी गराउने छ।

(ढ) अनुदानमा वितरण भएको बीउको यथार्थ बिल भर्पाई, बीउको परिमाण र वास्तविक कृषकको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा प्रमाणीकरण गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

## परिच्छेद-५

## समिति सम्बन्धी व्यवस्था

**११. बीउ बिजन आपूर्ति तथा वितरण व्यवस्थापन समितिः** (१) गुणस्तरीय बीउ बिजनको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाउन देहाय बमोजिमको बीउ बिजन आपूर्ति तथा वितरण व्यवस्थापन समिति रहनेछः

(क) सचिव, मन्त्रालय — अध्यक्ष

(ख) सहसचिव, योजना हेर्ने महाशाखा, मन्त्रालय — सदस्य

(ग) महानिर्देशक, विभाग — सदस्य

(घ) प्रमुख, केन्द्र — सदस्य

(ङ) प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र — सदस्य

(च) प्रमुख, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र — सदस्य

(छ) निर्देशक, बाली तथा बागवानी, नेपाल कृषि अनुसन्धान परिषद् — सदस्य

(ज) प्रवन्ध निर्देशक, कृषि सामाग्री कम्पनी लि. — सदस्य

(झ) प्रतिनिधि, बीउ बिजनसँग सम्बन्धित कृषि सहकारी संस्था — सदस्य

(ञ) अध्यक्ष, नेपाल बीउ व्यवसायी संघ — सदस्य

(ट) सहसचिव, बीउ बिजन हेर्ने महाशाखा, मन्त्रालय — सदस्य-सचिव

(२) उपदफा (१) अनुसारको समितिमा प्रादेशिक मन्त्रालयका सचिवहरु आमन्त्रित सदस्यको रुपमा रहनेछन्।

(३) समितिले प्राबिधिक उप-समिति वा कार्यदल गठन गरी आवश्यकता अनुसारका कार्यहरू गर्न वा गराउन सक्नेछ।

(४) उपदफा (१) अनुसारको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिच्छेद २, ३ र ४ अन्तर्गत सञ्चालन हुने कार्यक्रमका लागि बाली, जात, मूल्य, अनुदान रकम र वितरकलाई दिइने व्यवस्थापन खर्च अनुपात निर्धारण गर्ने;

(ख) स्रोत बीउ उत्पादकलाई हरेक वर्षको लागि आवश्यक पर्ने प्रजनन् तथा मूल बीउको सहज व्यवस्थाका लागि केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् र बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रसँग आवश्यक समन्वय गर्ने;

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट तथा क्रियाकलापहरु तर्जुमा र कार्यान्वयनमा सहजीकरण एवम् निर्णय गर्ने;

(घ) कार्यक्रम सञ्चालन सम्बन्धमा प्रादेशिक मन्त्रालय एवम् स्थानीय तहहरुसँग समन्वय एवम् सहजीकरण गर्ने;

(ङ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा आवधिक रुपमा समीक्षा गर्ने;

(च) आवश्यकता अनुसार निर्देशिका संशोधनका लागि मन्त्रालयमा सिफारिश गर्ने र

(छ) यस निर्देशिका बमोजिम गर्नुपर्ने अन्य कार्यहरु सम्पादन गर्ने।

१२. **<u>जिल्लास्तर बीउ बिजन समन्वय समितिः</u>** (१) जिल्लास्तरमा बीउ बिजन आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित गर्न देहाय बमोजिमको जिल्लास्तर बीउ बिजन समन्वय समिति रहनेछः

(क) प्रमुख, जिल्लास्थित कार्यालय — अध्यक्ष

(ख) जिल्ला बीउ व्यवसायी संघको अध्यक्ष
(वा नेपाल बीउ व्यवसायी संघको प्रतिनिधि) — सदस्य

(ग) जिल्ला स्थित कार्यालयले छनौट गरेको
बीउ बिजनसँग सम्बन्धित सहकारीको कृषक प्रतिनिधि, — सदस्य

(घ) जिल्ला स्थित कार्यालयले छनौट गरेको सामुदायिक
बीउ बैंक/बीउ उत्पादक कृषक समूहको प्रतिनिधि — सदस्य

(ङ) कम्तीमा सातौं तहको प्राविधिक अधिकृत,
जिल्लास्थित कार्यालय — सदस्य-सचिव

(२) उपदफा (१) अनुसारको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लास्तरमा सञ्चालन हुने बीउ उत्पादन कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने;

(ख) बीउ उत्पादन कार्यक्रममा आवद्ध हुन चाहने आवेदकहरुको छनौटका आधारहरु तयार गर्ने;

(ग) बीउ उत्पादन कार्यक्रमका लागि मापदण्ड तयार गरी क्लष्टर छनौट गर्ने;

(घ) यस निर्देशिका अन्तर्गत सञ्चालन हुने बीज बृद्धि कार्यक्रममा आवश्यक पर्ने प्राविधिक सेवाको व्यवस्थापनमा सहजीकरण गर्ने;

(ङ) जिल्लास्तरमा स्रोत तथा उन्नत बीउ बिजनको माग तथा आपूर्ति सम्बन्धमा तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने;

(च) डेसिसको बारेमा सम्बन्धित पक्षहरुलाई सुसूचित गर्ने गराउने र सो प्रणालीमा कार्यक्रमसँग सम्बन्धित विवरण तथा तथ्याङ्कहरु अद्यावधिक गर्ने कार्यमा समन्वय गर्ने;

(छ) जिल्लास्तरमा बीउ बिजन गुणस्तर निरीक्षण कार्यमा सहजीकरण तथा बीउ बिजन कार्यक्रमको अनुगमन गर्ने,

(ज) कार्यक्रम सञ्चालनका क्रममा आवश्यकता अनुसार स्थानीय तह, प्रादेशिक मन्त्रालय र सरोकारवालासँग समन्वय गर्ने र

(झ) यस निर्देशिका बमोजिम जिल्लास्तरमा गर्नुपर्ने अन्य कार्यहरु सम्पादन गर्ने।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

## परिच्छेद-६

## विविध

१३. **समन्वय र सहजीकरणः** (१) यस निर्देशिका अन्तर्गतका कार्यक्रमहरुको सफल कार्यान्वयनमा बिभाग, प्रादेशिक मन्त्रालय र स्थानीय तहका तर्फबाट निम्नानुसार सहयोग, सहजीकरण एवम् समन्वय हुनेछः

(क) बार्षिक कार्यक्रम तर्जुमा, कार्यक्रमको अभिमुखीकरण, प्राविधिक सेवा टेवामा समन्वय, डेसिस सञ्चालनमा सहजीकरण, प्रादेशिक मन्त्रालय तथा स्थानीय तहसँग कार्यगत समन्वय, नियमित अनुगमन तथा प्रगति प्रतिवेदन जस्ता कार्यहरु विभागबाट हुनेछ।

(ख) बीउ उत्पादकहरुको क्षमता अभिवृद्धि एवम् प्राविधिक सेवा टेवा प्रवाह, बीउ बिजन गुणस्तर निरीक्षण, बीउ बिजनको माग तथा आपूर्ति सम्बन्धी तथ्याङ्क सङ्कलन, डेसिसमा नियमित सूचना प्रविष्टि, अन्तर जिल्ला समन्वय, कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण, प्रतिवेदन जस्ता विषयहरुमा प्रादेशिक मन्त्रालयबाट सहयोग, सहजीकरण एवम् समन्वय गरिने छ।

(ग) उन्नत बीउ प्रयोग गर्ने कृषकहरुलाई प्राविधिक सेवा टेवा प्रवाह, बीउ बिजनको स्थानीय माग तथा आपूर्ति सम्बन्धी तथ्याङ्क सङ्कलन, डेसिसमा नियमित सूचना प्रविष्टि, कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण, प्रतिवेदन जस्ता विषयहरुमा स्थानीय तहबाट सहयोग, सहजीकरण एवम् समन्वय गरिने छ।

१४. **बीउ बालीको बीमा गराउन प्रोत्साहित गरिने :** यस कार्यक्रम अन्तर्गत स्रोत बीउ र उन्नत बीउ उत्पादन गर्ने आवेदकहरुलाई बाली बीमा गराउन प्रोत्साहित गरिनेछ।

१५. **प्रतिवेदन पेश गर्नु पर्नेः** (१) कार्यक्रम सञ्चालन भएका स्थानीय तहले सीधै र सम्बन्धित जिल्लास्थित कार्यालयले प्रादेशिक मन्त्रालय मार्फत् सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन मासिक एवम् बार्षिक रुपमा विभागमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रगति प्रतिवेदनहरुलाई विभागले मासिक एवं बार्षिक रुपमा सङ्कलन र विश्लेषण गरी राय सुझावसहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१६. **अनुदानको व्यहोरा उल्लेख गर्नुपर्नेः** (१) यस निर्देशिका बमोजिमका कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सबैस्तरका बीउ बिजन बेचविखन गर्दा अनिवार्य रुपमा नेपाल सरकारबाट अनुदानमा उपलब्ध गराइएको बीउ बिजनको लेवल सहितको विवरण प्रष्टसँग देखिने गरी बीउको बोरा वा प्याकेटमा उल्लेख गर्नु पर्नेछ।

नेपाल सरकार
मन्त्रिपरिषद्को कार्यालय
काठमाडौं

(२) अनुसूची-५ बमोजिमको अनुदान सहयोग प्राप्त गर्ने बीउ उत्पादकले कार्यक्रम सञ्चालन भएको स्थलमा सञ्चालन गरिएको क्रियाकलाप, कुल लागत, सरकारले उपलब्ध गराएको अनुदान रकम र अनुदानग्राहीको योगदान रकम उल्लेख गरिएको जानकारीमूलक सूचनाबोर्ड राख्नु पर्नेछ।

१७. **कार्यक्रमको अनुगमन सम्बन्धी व्यवस्था:** कार्यक्रमको अनुगमन तथा निरीक्षण मन्त्रालय र अन्तर्गतका निकायहरु, प्रादेशिक मन्त्रालय र मातहतका निकायहरु तथा स्थानीय तह एवम् यस निर्देशिकामा व्यवस्था भएका समितिहरुबाट संयुक्त रुपमा वा छुट्टाछुट्टै हुनेछ।

१८. **कारवाही हुने:** (१) यस निर्देशिका बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदानको दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

१९. **प्रचलित कानून बमोजिम हुने:** बीउ बिजन प्रमाणीकरण सम्बन्धमा बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ अनुसार र बीउ बिजन सम्बन्धमा अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

२०. **गुनासो व्यवस्थापन:** (१) यस निर्देशिका अन्तर्गत सञ्चालित कार्यक्रममा कुनै गुनासो भएमा समिति समक्ष उजुरी गर्न सकिनेछ र गुनासोको सम्बन्धमा समितिबाट भएको निर्णय अन्तिम हुनेछ।

(२) यस निर्देशिका अन्तर्गतका कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा समितिले स्पष्ट पार्नेछ।

२१. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** यस निर्देशिकामा संलग्न अनुसूचीहरुमा आवश्यकता अनुसार राष्ट्रिय बीउ बिजन समितिले हेरफेर गर्न सक्नेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## अनुसूची-१

**(दफा ८ को उपदफा (३)(ख) सँग सम्बन्धित)**

**स्रोत बीउ उत्पादनमा अनुदान कार्यक्रममा आवेदनका लागि आवश्यक कागजातहरु**

(क) स्रोत बीउ उत्पादनका लागि प्राप्त इजाजत/अनुमतिपत्रको प्रतिलिपि

(ख) संस्था/फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि

(ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

(घ) भ्याट/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि

(ङ) स्रोत बीउ खरिदको निस्सा

(च) आवेदन माग गर्दा सूचनामा तोकिएका अन्य कागजात

नेपाल सरकार
मन्त्रिपरिषद्को कार्यालय
काठमाडौं

## अनुसूची -२

**(दफा ८ को उपदफा (३)(घ) सँग सम्बन्धित)**

**स्रोत बीउमा अनुदानका लागि आवश्यक कागजात**

(१)पूर्व जानकारी फारम
(बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ बमोजिम)

(२) बीउ बाली खेत निरीक्षण प्रतिवेदन फारम
(बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ बमोजिम)

(३) ट्यागको विवरण

(४) बीउ विश्लेषण प्रतिवेदन,

(५) स्रोत बीउ (प्रजनन् तथा मूल) खरिद बील

(६) स्रोत बीउ वितरण विवरण (बिल/भर्पाई)

(७) सूचनामा माग गरिए बमोजिमका अन्य कागजात

नेपाल सरकार
मन्त्रिपरिषद्को कार्यालय
काठमाडौं

**अनुसूची-३**

**(दफा ९ को उपदफा (५)(ख) सँग सम्बन्धित)**

**उन्नत बीउ उत्पादनमा अनुदान कार्यक्रममा आवेदनका लागि आवश्यक कागजातहरु**

(क) बीउ बिजन कारोबार सम्बन्धी अनुमतिपत्रको प्रतिलिपि

(ख) संस्था/फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि

(ग) प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

(घ) आवेदन माग गर्दा सूचनामा तोकिएका अन्य कागजात

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४

(दफा ९ को उपदफा (५)(छ) सँग सम्बन्धित)

### उन्नत बीउ उत्पादनमा अनुदानका लागि आवश्यक कागजात

(क) स्रोत बीउ खरिदको विवरण

(ख) बीउ विश्लेषण प्रतिवेदन

(ग) उन्नत बीउ बिक्री भएको प्रमाण

(घ) जिल्ला स्थित कार्यालयले माग गरेका अन्य कागजातहरु

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-५
(दफा ९ को उपदफा (९) सँग सम्बन्धित)

**क. बीउ उत्पादक कृषक वा समूह वा बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था वा निजी कम्पनी वा उद्यमीलाई बढीमा ५० प्रतिशत अनुदानमा उपलब्ध हुने पूर्वधार निर्माणका क्रियाकलापहरु**

| क स | पूर्वाधार | कैफियत |
|---|---|---|
| १ | बीउ भण्डारण गृह | आवश्यकता अनुसार (लागत अनुमानका आधारमा) |
| २ | अन्न भण्डारण गृह | |
| ३ | बीउ सुकाउने टहरा र खलियान | |
| ४ | अन्न सुकाउने टहरा र खलियान | |
| ५ | बीउ प्रशोधन प्लान्ट | |
| ६ | मल भण्डारण गृह | |
| ७ | मेशिन औजार भण्डारण टहरा | |
| ८ | विषादी भण्डारण गृह | |
| ९ | कार्यालय कोठा | |
| १० | आवश्यकता अनुसार अन्य | |

**ख. बीउ उत्पादक कृषक वा समूह वा बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था वा निजी कम्पनी वा उद्यमीलाई बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने मेशिनरी औजारहरुको सूची**

| क्र स | मेशिनरी औजार तथा उपकरणको विवरण | कैफियत |
|---|---|---|
| १ | ट्रयाक्टर | आवश्यकता अनुसार (लागत अनुमानका आधारमा) |
| २ | मोल्डवोर्ड प्लो | |
| ३ | कल्टिभेटर | |
| ४ | डिक्स ह्यारो | |
| ५ | रोटाभेटर | |
| ६ | बीउ तथा मल ड्रिल | |
| ७ | प्लान्टर | |
| ८ | लेभलर | |
| ९ | कम्वाइन हार्भेष्टर | |
| १० | मकै छोडाउने मेशिन | |
| ११ | झार गोड्ने मेशिन | |
| १२ | धान रोप्ने मेशिन | |
| १३ | पावर स्प्रेयर | |
| १४ | विद्युतीय तथा सोलार मोटर पम्प | |
| १५ | रिपर | |
| १६ | रिज मेकर | |
| १७ | चिस्यान मापन यन्त्र | |
| १८ | विनोअर (पंखा) | |
| १९ | पावर टिलर | |
| २० | डाइरेक्ट सिड ड्रिल | |
| २१ | आवश्यकता अनुसार अन्य | |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं